# हाम्रो प्रजाशक्ति

मूल्य २/-

वर्ष ८, अङ्क २८२, वि.सं.२०६४, पुष २३ गते, गान्तोक, सोमवार ७ जनवरी, २००८, 7 JANUARY 2008, MONDAY, GANGTOK


## कलेजका ठिटा सिक्किमको प्राकृतिक सुन्दरतामा मुग्ध

रम्फू ,६ जनवरी : देशका विभिन्न प्रतिष्ठित इन्जिनियरिङ कलेजहरूबाट आएका लगभग ८० भन्दा अधिक विद्यार्थीहरू हाल सिक्किममा कम्प्यूटर सञ्जाल प्रबन्धन र साइबर अपराध विषय विस्तृत जानकारी साथै हिमालय क्षेत्रको प्राकृतिक सौन्दर्य र साहसिक खेलकुदको नौलो एवं रोमाञ्चक अनुभव बटुलीरहेका छन्।

यहाँको स्थानीय रम्फू नजिक माझिटारमा अवस्थित सिक्किम मणिपाल इन्स्टिट्यूट अफ् टेक्नलोजी (एसएमआइटी)-मा विषयवस्तु अधारित शैक्षिक ज्ञानको साथ-साथै यी विद्यार्थीहरूले टिस्टामा 'वाइट वाटर र्‍याफ्टिङ' लगायत पर्यटनस्थल छाङ्गु साथै भारत-चीन सिमानास्थित नथुला व्यापार मार्गको पनि भ्रमण गरे। यसै क्रममा हिज र आज दार्जीलिङको विस्व प्रसिद्ध 'हिमालयन माउण्टेनियरिङ इन्स्टिटट्यूट' (एचएमआइ)-को देखरेखमा विद्यार्थीहरूले पर्वतारोहणको पनि अनुभव प्राप्त गरे। कतिपय कारणवश कलेज परिसरदेखि विद्यार्थीहरूले बाहिर लान सम्भव नभएकोले कलेजका अग्ला अग्ला भवनहरूमा नै विद्यार्थीहरूलाई डोरीको साहराले र्‍यापलिङ (माथिबाट तलझर्नु), गुमरिङ (माथि चड्नु), सस्पेन्सन रोप (अग्लो भवनबाट तेर्सो परेर लामो दूरी तय गरेर जमीनमा झर्नु) औ टेरोलाइसिस ट्र्याभल (दुइ समान उच्चाईंको भवनमा वर-पर गर्नु) आदि गराइयो।

धेरजसो विद्यार्थीहरू तराइ क्षेत्रका भएकोले उच्चाईंबाट भयभित भए तापनि प्रशिक्षकहरूको हौसला र मार्गदर्शनमा सबै विद्यार्थीहरूले यी साहसिक कार्यहरू कुशलतासित पूरा गरोको एचएमआइका आठ सदस्यीय प्रशिक्षक टोलीका निर्देशक नुडुप भूटियाले बताए। 'स्पेशियल कोर्स' अन्तर्गत एचएमआइले दार्जीलिङ, सिक्किम लगायत गोवा, कोलकता, दिल्ली आदि स्थानका विभिन्न स्कूलहरूमा माउण्टेनियरिङ विषय आधारभूत तालिम दिने औ विदेशबाट पनि विद्यार्थीहरू तालिम लिन दार्जीलिङ आउने गरेको पनि भूटियाले बताए। यस प्रकारको सहासिक खेलकुदमा अंशग्रहण गर्नाले विद्यार्थीहरूको मन मस्तिष्कबाट किताबी पढ़ाइबाट हुने एकोहोरो पनबाट छुट्कारा मिल्ने साथै आत्मविश्वासमा बृद्धि हुने तिनले थप बताए।

वास्तावमा विभिन्न इन्जिनियरिङ कलेजका यी विद्यार्थीहरू एसएमआइटी औ नेट्टेकद्वारा आयोजित १८ दिवसीय 'नेटवर्क म्यानेजमेण्ट एण्ड इथिकल ह्याकिङ' नामक कोर्समा अंशग्रहण गर्न यहाँ आएका हुन्। यस कोर्स अन्तर्गत कम्प्यूटर क्षेत्रमा सञ्जाल प्रबन्धन औ साइबर अपराध र यसलाई रोकथाम गर्ने विषयमा व्यापक जानकारी उपलब्ध गराइनेछ। आगामी १२ जनवरीमा समाप्त हुन यस कोर्सको विधिवत् उद्घाटन गत महिना एसएमआइटी-का निर्देशक एसएन मिश्राले गरेका थिए।